प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## प्रमाणपत्र तह नर्सिङ् तथा सामान्य चिकित्सा कार्यक्रमको Cutoff List को नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०७९/०९/२५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/०९/१८ गतेको सूचना बमोजिम शैक्षिक सत्र २०७९/८० को लागि श्री सामुदायिक स्वास्थ्य इन्स्टिच्युट, दुधपाटी, भक्तपुरको सामान्य चिकित्सा तथा श्री भरतपुर सामुदायिक अस्पताल, भरतपुर, चितवन र श्री हेल्पिङ् ह्याण्ड्स सामुदायिक अस्पताल, चावहिल, काठमाण्डौको नर्सिङ् कार्यक्रममा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति बाहेकका तोकिएका कोटामा परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७९/०४/१२, २०७९/०४/२७, मिति २०७९/०५/२२ र मिति २०७९/०७/२१ गतेको लागि गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार ITMS मा Online entry भई पुर्ण शुल्कीय तर्फको सम्बन्धित कार्यक्रमको प्रवेश परीक्षामा सहभागी भएका सबै प्रदेशका तोकिएको मिति र समय भित्र निवेदन दर्ता गराएका परीक्षार्थीहरु मध्येबाट प्रवेश परीक्षाको प्राप्तांकको योग्यताक्रमका आधारमा डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९ बमोजिम छनोट गरी नतिजा प्रकाशन तथा भर्नाका लागि सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ। सिफारिस भएका प्रशिक्षार्थीहरुले मिति २०७९/१०/०३ गतेसम्म कार्यालय समय भित्र अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता, कुनै लक्षित समुहमा छनोट भएको भए सो को सक्कल प्रमाणपत्रहरु तथा प्रवेश पत्र सहित भर्ना भई सक्नु पर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्न गराउनु हुन अनुरोध छ।

परिषद्को भर्ना सम्बन्धी निर्देशिका तथा सूचनामा उल्लेख भएका भर्ना प्रकृयाका कुराहरुमा फरक पारी विद्यार्थी भर्ना गर्ने गराउने कार्य भएमा सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्थाको प्राचार्य हुने र त्यसरी भर्ना भएका विद्यार्थीको रजिष्ट्रेशन नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**निर्देशक**